वर्ष ४, अंक २
मंसिर २०६९, December 2012

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



प्रिय मित्रहरू,
छैठौं परिषदको जिम्मेवारी सम्हालेको पाँच महिनामा म आफ्नो जिम्मेवारीलाई ठोस रूपमा अगाडी बढाउन दृढतापूर्वक लागेको छु । यस कार्यले, भविष्यमा संस्थाले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न सहयोग पुग्नेछ भन्नेमा मेरो दृढ विश्वास रहेको छ ।

सबैलाई थाहा भएकै कुरा हो, विश्वमा लेखाव्यवसाय नयाँ नयाँ चुनौतीहरूको सामना गर्दै अघि बढिरहेको छ जसको कारणले लेखाव्यवसायको मर्यादा बढाउनुका साथै समाज तथा अर्थतन्त्रको विकासमा सहयोग पुर्‍याई रहेको छ । त्यसैले हामी लेखाव्यवसायीहरूले आफ्नो योग्यता तथा क्षमतालाई अझै परिस्कृत र परिमार्जित गरी विश्व समुदायमा आफ्नो क्षमतालाई प्रस्तुत गरी समाज र राष्ट्रको चाहनालाई परिपूर्ति गर्ने सक्ने बन्नु पर्दछ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई, अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थासंग संगसंगै लैजाने लक्ष्य अनुरूप शिक्षा तथा तालिमलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने नीति अवलम्बन गर्दै सदस्यहरूको नैतिकता तथा कार्यक्षमतामा अभिबृद्धि गर्नु पर्ने देखिन्छ ।

राष्ट्र निर्माणमा संस्था तथा संस्थाका सदस्यहरूको महत्वपूर्ण भूमिका रहने हुनाले सरकारी तवरबाट राष्ट्रिय नीति निर्माणमा संस्थालाई पनि अवसर प्रदान गरी संस्थाका सदस्यहरूको व्यक्तिगत तथा संस्थागत क्षमता तथा ज्ञानलाई पूर्ण प्रयोग गर्ने मौका प्रदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु । जसका लागि सरकारी टोलीसंग छलफल हुँदा मैले उक्त कुरा बारबार उठाउदैं आएको छु ।

मैले मेरो पाँच महिने कार्यकालमा गरेका विविध कार्यहरूको विवरण तथा भविष्यमा गरिने कार्यक्रमको बिस्तृत विवरण निम्न रहेको छ ।

### शिक्षा तर्फ

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको समयानुकुल परिमार्जन तथा विकासमा मेरो जोड भएकोले सोही अनुरूपका कार्यहरू संचालन गरेको छु । जसबाट बिद्यार्थीहरूले उचित शिक्षा तथा तालिम प्राप्त गरी राष्ट्रको निमित्त पूर्ण प्रतिस्पर्धी बन्ने मैले विश्वास लिएको छु । बिद्यार्थीहरूलाई सिए. शिक्षा तथा प्रोफेसनको जानकारी गराउने उद्देश्यले एक स्वतन्त्र करीयर काउन्सलिङ्ग युनिटको स्थापना गरिएको छ । बिद्यार्थीहरूको हीतलाई ध्यानमा राखि कोचिङ्ग कक्षा संचालन गर्न चाहने नयां कोचिङ्ग ईन्सिटिच्यूट तथा कलेजहरूलाई निकट भविष्यमा सम्बन्धनता प्रदान गर्ने लक्ष्य लिइएको छ ।

उपत्यकामा मात्र सीमित रहेको सि.ए. शिक्षालाई उपत्यका बाहिर पनि लगि उपत्यका बाहिरका बिद्यार्थीहरूमा समेत सि.ए. शिक्षाको सहज पहुच पुर्‍याउने उद्देश्यले शाखा कार्यालयहरूबाट दर्ता तथा परीक्षा लिने तयारी गरिएको छ । जसबाट बिद्यार्थीले उपत्यका बाहिरको शाखाबाट पनि अन्तिम परीक्षा दिने अवसर पाउनेछन् ।

### शाखा विस्तार तथा शाखा बृद्धि सम्बन्धमा

हाल संचालनमा रहेका शाखाहरूबाट आशातित प्रगति गर्न सकेको अवस्था छैन । तसर्थ ती शाखाहरूमा क्षेत्रफल तथा सुविधाहरू समेत थप गरी सदस्य तथा बिद्यार्थीहरूलाई बढी भन्दा बढी सुविधा प्रदान

## IFRS कार्यान्वयन सम्बन्धी छलफल कार्यक्रम सम्पन्न




### IFRS कार्यान्वयन सम्बन्धी छलफल को एक झलक

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, महालेखा परीक्षकको कार्यालय तथा नेपाल बिद्युत प्राधिकरणको संयुक्त आयोजनामा यही २०६९ असोज २४ गते बुधबार IFRS कार्यान्वयन सम्बन्धी एक छलफल कार्यक्रमको आयोजना गरियो । कार्यवाहक महालेखापरीक्षक श्री बिमला सुवेदीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा नेपाल बिद्युत प्राधिकरणका प्रवन्ध निर्देशक श्री महेन्द्र लाल श्रेष्ठले स्वागत मन्तव्य ब्यक्त गर्नुभएको थियो भने संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले सुभारम्भ मन्तव्य व्यक्त गर्नु भएको थियो ।

त्यस्तै कार्यक्रममा बक्ताको रूपमा, नेपाल बिद्युत प्राधिकरणका अध्यक्ष तथा उर्जा मन्त्रालयका सचिव श्री हरि राम कोईराला, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महा प्रसाद अधिकारी, उप महालेखा परीक्षक श्री सोम राज पोखरेल, एकाउन्टिङ्ग स्टान्डर्ड बोर्डका अध्यक्ष सिए. नारायण बजाज, पब्लिक सेक्टर ईन्टरप्राईजेज बोर्ड (पिएसई बोर्ड) का अध्यक्ष श्री बिमल प्रसाद वाग्ले तथा संस्थाका उपाध्यक्ष सिए. महेश कुमार गुरागाई हुनुहुन्थ्यो ।

सोही अवसरमा नेपालको सन्दर्भमा IFRS कार्यान्वयन सम्भाव्यता (Implementation of IFRS in Nepal Country Prospective) सम्वन्धमा संस्थाका पूर्व अध्यक्ष सिए. प्रदीप कुमार श्रेष्ठले आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो भने उक्त कार्यक्रममा IFRS Expert टोनी मलिकले नेपाल बिद्युत प्राधिकरणमा IFRS लागुगर्दा आईपर्ने चुनौती तथा संभाव्यताका वारेमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र पश्चात करिव एक घण्टा यस सम्वन्धमा Floor Discussion समेत संचालन भएको थियो । Floor Discussion पश्चात विश्व बैक तथा एसियन विकास बैकका प्रतिनिधिले समेत आफ्नो धारणा राख्नु भएको थियो ।

गर्नुपर्ने टड्कारो आवश्यक्ता देखिएको छ । साथै पोखरामा नयाँ शाखा स्थापनाको सम्पूर्ण तयारी पूरा गरिएकोले नयाँ शाखा तुरुन्त कार्यान्वयनमा आउने छ । यसबाट त्यस क्षेत्रमा रहेका सदस्यहरू तथा सिए. अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई राम्रो अवसर मिल्ने कुरामा मैले विश्वास लिएको छु ।

### शाखा लेखापरीक्षण सम्बन्धमा

शाखा लेखापरीक्षणका सम्बन्धमा निकै अघिदेखि कुरा हुदैं आएर यसलाई अनिवार्य गरिएता पनि हाल सम्म यसले कुनै ठोस उपलब्धी हासिल गर्न सकेको छैन । यसका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्श एसोसिएसन मिलेर यस सम्बन्धमा आवश्यक कार्यविधि तयार गरी यथाशक्य कार्यान्ययनमा ल्याउनु अपरिहार्य भईसकेको छ ।

यही कुरालाई मध्यनजर राखी हालैमात्र यस सम्वन्धी कार्यविधि तयार गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल राष्ट्र बैंक तथा नेपाल बैंकर्श एसोसिएसनको प्रतिनिधि सहितको एक कार्यदल गठन भएको छ । यस कार्यदलले यसको ढाँचा तथा प्रक्रियाहरूको अन्तिम मस्यौदा तयार गरिसकेपछि त्यसलाई सम्वन्धित पक्षहरूसंग छलफल गरेर त्यसको अन्तिम रूप तयार गरिनेछ र त्यसलाई कार्यान्वयनमा ल्याउन नेपाल राष्ट्र बैंक तयार भएको सहर्ष जानकारी गराउन चाहन्छु ।

ICAI तथा ICAN Mutual Recognition सम्बन्धमा परिषदले ICAI तथा ICAN Mutual Recognition सम्बन्धमा अगाडी बढ्ने नीति अवलम्बन गरेको छ । जसका लागि ICAN ले ICAI लाई औपचारिक रूपमानै Action Plan सहित पत्र पेश गरिसकेको छ । तीनचरण सम्म भईसकेका अध्यक्ष स्तरीय छलफलहरूले ठोस उपलब्धी हुनेमा मैले विश्वास लिएको छु ।

### अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धमा

संस्थाले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा सधै चासो राख्दै आएको छ । हालको युगमा विश्व नेटवर्किङ्ग विस्तारको निमित्त अतिनै आवश्यक रहेको हुन्छ । लेखाव्यवसायमा आफ्ना अनुभवहरू व्यक्त गर्ने थलोको रूपमा अन्तर्राष्ट्रिय सम्बन्ध महत्वपूर्ण हुनुको साथै आफ्नो क्षमता तथा ज्ञानलाई आदान प्रदान गर्ने अवसर हुन सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै संस्थाको प्रभावकारी सहभागिताले अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउने मौका प्रदान गरेको छ जसको कारणबाट CAPA को Public Sector Financial Management (PSFM) Committee मा सदस्यको पदभार नेपालले पाएको छ जुन नेपालको लागि एक महत्वपूर्ण उपलब्धी हो । साथै आउँदो मार्च ७ र ८ तारिकमा संस्थाले CAPA PSFM Committee Meeting & Conference नेपालमा आयोजना गर्ने भएको छ जसले संस्थालाई विश्वसामु चिनाउन महत्वपूर्ण भूमिका खेल्ने मैले विश्वास लिएको छु ।

नोभेम्बर २०१२ मा दक्षिण अफ्रिकाको केप टाउनमा भएको IFAC Council Meeting मा संस्थाले भाग लिएको थियो । उक्त बैठकमा संस्था जस्ता साना एकाउन्टिङ्ग बडीले IFAC संग राखेका आकांक्षाहरूका बारेमा बिस्तृत छलफल भएको थियो भने सदस्यताका सम्बन्धमा समेत छलफल भएको थियो ।

साफाको सकृय सदस्यको हैसियतले संस्थाले साफाका अन्य सदस्य राष्ट्रहरूसंग अन्तरक्रियाहरू गर्दै आईरहेको छ । जसबाट संस्थाले उल्लेख्य मात्रामा सार्थक अनुभवहरू बटुल्ने मौका पाएको छ ।

अन्तमा, म अध्यक्षको हैसियतले यस क्षेत्रमा रहेका साथीहरूलाई आग्रह गर्न चाहान्छु कि आफ्नो क्षमता अनुसार अगाडी आई आफ्नो दायित्वको बारेमा महसुस गर्दै र संस्थालाई एक मर्यादित संस्थाको रूपमा स्थापित गरौं जसबाट पेशागत मर्यादा बढ्नुको साथै संस्थालाई पनि एक मर्यादित संस्थाको रूपमा परिणत गर्न सकिन्छ ।

सिए. मधु विर पाण्डे
अध्यक्ष

## डेपुटी गभर्नर संग भेट

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको एक प्रतिनिधि मण्डलले मिति २०६९/०७/२४ गते नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महाप्रसाद अधिकारीसंग बैकिङ्ग ईष्युसंग संम्बन्धित विविध पक्षहरू समेटेर छलफल गऱ्यो । प्रतिनिधि मण्डलमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको तर्फबाट अध्यक्ष सिए. मधु विर पाण्डे, कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठ तथा सह-निर्देशक श्री विनोद न्यौपाने रहनुभएको थियो ।

## भवन अवलोकन कार्यक्रम सम्पन्न

यही २०६९/०८/२९ गते शुक्रवारका दिन संस्थाले नव निर्मित भवनको अवलोकन कार्यक्रम सम्पन्न गऱ्यो । भवन निर्माण कमिटीका अध्यक्ष एवं संस्थाका पूर्व अध्यक्ष सिए. सुवोध कुमार कर्णको संयोजकत्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । अवलोकन भ्रमणमा संस्थाका अध्यक्ष, उपाध्यक्ष, पार्षदज्यूहरू, भूतपूर्व अध्यक्षहरू, संस्थाका सदस्यहरू लगायत संस्थाका अधिकांश कर्मचारीहरूको उपस्थिति रहेको थियो । हाल भवनको अन्तिम तल्ला ढलान हुन बाँकी रहेको छ भने अरू फिनिसिङ्गको कार्य पनि अगाडी बढिरहेको रहेको छ ।

**संस्थाका आधारभूत सिद्धान्तहरू:**

स्वतन्त्रता, कर्तव्यनिष्ठता, वस्तुनिष्ठता, गोपनीयता, व्यावसायिक व्यवहार, प्राविधिक मान, व्यावसायिक क्षमता र उचित सतर्कता

## अन्तरक्रिया कार्यक्रम सम्पन्न




बैंकिङ्ग इष्यु सम्बन्धी अन्तरक्रिया कार्यक्रमको एक झलक

नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाले मिति २०६९/०८/२२ गते शुक्रबार होटल न्याडिसनमा नेपाल राष्ट्र बैंकमा डेपुटी गभर्नर सिए. महाप्रसाद अधिकारीको प्रमूख आतित्थतामा र संस्थाका पार्षद तथा भूतपूर्व अध्यक्षहरू तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, नेपाल अडिटर्स एसोसिएसन, नेपाल बैंकर्स संघ, तथा बिभिन्न वित्तीय संघका प्रतिनिधिहरूको उपस्थितिमा बैकिङ्ग क्षेत्रसंग सम्वन्धित निम्न विषय उपर अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो।

1. Branch Audit
2. Risk Based Audit - from the perspectives of Regulators and Auditors

3. Long Form Audit Report (LFAR) Issues and other Specific Issues from NRB Directives
4. IFRS Implementation in Banking Sector

उक्त कार्यक्रममा संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेको स्वागत मन्तब्य तथा नेपाल राष्ट्र बैंकमा डेपुटी गभर्नर सिए. महाप्रसाद अधिकारीको सुभारम्भ मन्तब्यबाट सुरु भएको अन्तरक्रियामा सिए. नन्दकिशोर शर्माले बैकिङ्ग क्षेत्रसंग सम्वन्धित बिभिन्न विषयहरूको बारेमा प्रस्तुत गर्नुभएको थियो । छलफल कार्यक्रममा विशेषत अहिले देखिएका जोखिमहरूलाई न्यूनिकरण गर्नको लागि शाखा लेखापरीक्षण (Branch Audit) को अपरीहार्यताको बारेमा उपस्थित सबै पक्षहरूबाट आफ्नो धारणा राखिएको थियो भने कार्यक्रममा बिभिन्न पक्षका गरी ३८ जनाको सहभागिता रहेको थियो ।

## लेखा प्राविधिज्ञको प्रमाणपत्र बितरण



पूर्व अध्यक्ष सिए. सुवोध कुमार कर्ण एकाउन्टिङ्ग टेक्निसीयन उपाधीको प्रमाण-पत्र वितरण गर्नुहुदै ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखा प्राविधिज्ञ बोर्डले पहिलो पटक मिति २०६९/०७/०१ मा एक समारोहका वीच लेखा प्राविधिज्ञ (एकाउन्टिङ्ग टेक्निसीयन) उपाधीको प्रमाणपत्र बितरण गऱ्यो । उक्त समारोहमा लेखा प्राविधिज्ञ कोर्ष पूरा गर्ने ३ जना तथा संस्थाका ७९ जना आरए. सदस्यलाई बोर्डका अध्यक्ष तथा संस्थाका पूर्वअध्यक्ष सिए. सुवोध कुमार कर्णले उपाधीको प्रमाणपत्र बितरण गर्नुभएको थियो । यस पश्चात लेखा प्राविधिज्ञ उपाधीको प्रमाणपत्र प्राप्त गर्नेको संख्या ८२ पुगेको छ ।

# सदस्य सेवा विभाग

## सदस्यता, पेशागत प्रमाणपत्र, तथा लेखाव्यवसायी संस्थाको अवस्था

२०६९ श्रावण १, देखि २०६९ पौष १६ सम्म संस्थाको सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको संख्या तथा नवीकरणको स्थिति निम्नानुसार रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ६२२ | ४१२ | ५३५ | २१४ | ४३७ | १८५ |
| आरए. बी | ३३६७ | २०७२ | ३११७ | १५७८ | ८९९ | ६७२ |
| आरए. सी | १६१४ | ९३७ | १४७७ | ७८६ | ३१५ | २०४ |
| आरए. डी | २२९८ | १३६७ | २१०४ | १२२३ | २११ | १५१ |
| कूल सदस्य | ७९०१ | ४७८८ | ७२३३ | ३८०१ | १८६३ | १२१२ |

## अन्तर्राष्ट्रिय संबन्धनता

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखाव्ययसायी संस्था कार्यबिधि २०६६को कार्यबिधि १३(२) बमोजिम हालसम्म संस्थामा कायम रहेका विदेशी लेखाव्यवसायी संस्था संग आवद्ध नेपाली लेखाव्यवसायी संस्थाहरूको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं | ले.सं.नं | संस्थामा दर्ता फर्म | विदेशी संबन्धनता | हालको अवस्था |
|---|---|---|---|---|
| १ | १ | पी.एल.श्रेष्ठ एण्ड कम्पनी | HLB International | प्रतिनिधि फर्म |
| २ | २ | बि.के. अग्रवाल एण्ड कम्पनी | Crowe Horwath International | सदस्य फर्म |
| ३ | ३ | के. वि. चित्रकार एण्ड कम्पनी | Alliott Group | सदस्य फर्म |
| ४ | ५ | सुवोध एसोसिएट्स | The International Accounting Group | सदस्य फर्म |
| ५ | ११ | जि.पी. राजबाहक एण्ड कम्पनी | BKR International | सदस्य फर्म |
| ६ | २४ | बि. आर. एस न्यौपाने एण्ड कम्पनी | Deloitte Touche Tohmatsu, a Swill Verein(DTT) | करस्पन्डेन्ट्स फर्म |
| ७ | २३० | देव एसोसिएट्स | Baker Tilly International | सदस्य फर्म |
| ८ | ३५० | एन.वि.एस.एम एण्ड एसोसिएट्स | Geneva Group International | सदस्य फर्म |
| ९ | ३६७ | एबिएमएस एण्ड एसोसिएट्स | IAPA International | सदस्य फर्म |

# शिक्षा तथा परीक्षा विभाग

## नोभेम्बर २०१२ चार्टर्ड एकाउन्टेन्ट सदस्य परीक्षा सम्पन्न

विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्ट्सी परीक्षा उत्तीर्ण गरेका चार्टर्ड एकाउन्टेन्टहरूलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रदान गर्नको निमित्त मिति २०६९/०८/०१ देखि २०६९/०८/०५ सम्म परीक्षा संचालन भयो । संचालित परीक्षामा बिभिन्न विषयमा निम्न संख्यामा परीक्षार्थीहरूको उपस्थिति रहेको थियो ।

| विषय | कर्पोरेट ल | प्रत्यक्ष कर | अप्रत्यक्ष कर |
|---|---|---|---|
| कूल आवेदक | ८४ | ९१ | १०० |
| कूल उपस्थिति | ७६ | ८६ | ९३ |

यस परीक्षामा कूल १२५ जनाले आवेदन भरेकोमा कम्तिमा पनि एक विषयको परीक्षा दिने परीक्षार्थी संख्या ११७ रहेको थियो ।

## डिसेम्बर २०१२ चार्टर्ड एकाउन्टेन्सी परीक्षा सम्पन्न

डिसेम्बर २०१२ मा संस्थाबाट संचालित चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत बिभिन्न तहको अन्तिम परीक्षा सम्पन्न भयो । मिति २०६९ मंसिर १७ देखि २०६९ मंसिर २५ सम्म उक्त परीक्षा संचालित थियो। परीक्षामा आवेदन तथा सहभागी हुने परीक्षाथीर्को संख्या तहगत रुपमा निम्न रहेको छ ।

### २०१२ डिसेम्बर परीक्षाको लागि निवेदन दिने तहगत रूपमा बिद्यार्थीको संख्या

| क्र.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | ३ | | | ३ |
| २ | ईन्टरमिडियट | १ | १ | | २ |
| ३ | फाईनल | ५ | २० | १२ | ३७ |
| ४ | **CAP I** | ३८४ | १११ | ५७ | ५५२ |
| ५ | **CAP II** | ६०५ | १८९ | १८९ | ९८३ |
| ६ | **CAP III** | ८२ | ४६ | ६१ | १८९ |

### २०१२ डिसेम्बर परीक्षामा सहभागी भएका तहगत रूपमा बिद्यार्थीको संख्या

| क्र.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १. | फाउन्डेसन | २ | | | २ |
| २. | ईन्टरमिडियट | १ | १ | | २ |
| ३. | फाईनल | ५ | १७ | ८ | ३० |
| ४. | CAP I | ३६० | १०१ | ५५ | ५१६ |
| ५. | CAP II | ५७८ | १३६ | १६४ | ८७८ |
| ६.. | CAP III | ८१ | ४३ | ५४ | १७८ |

यस परीक्षामा कूल १७६६ जनाले परीक्षा फारम भरेकोमा कम्तिमा पनि एक विषयको परीक्षा दिने परीक्षार्थीको संख्या १६०६ रहेको थियो ।

## Crash Course

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले पुतलीसडक स्थित NAME भवनमा बिभिन्न तहका अन्तिम परीक्षालाई मध्यनजर गरी Crash Course को आयोजना गर्‍यो । तीनै तहका बिद्यार्थीहरूलाई समेटी संचालन गरेको उक्त कोर्षमा CAP I का १२ कक्षा CAP II का २५ कक्षा तथा CAP III का १९ कक्षा संचालन गरिएका थिए । उक्त कक्षाहरूमा क्रमशः १४, १४ तथा ८ जना बिद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## करीयर काउन्सलिङ्ग

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वबारे ईच्छुक बिद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले शिक्षा बिभागले काठमाडौं लगायत देशका बिभिन्न स्थानमा करीयर काउन्सलिङ्गको आयोजना गर्दै आईरहेको छ ।

## मान्यता प्राप्तिको निमित्त निवेदन पेश

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सि.ए. शिक्षालाई मान्यता प्रदान गरियोस् भनि त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रमा निवेदन पेश गरेको छ । जस अनुसार +२ पास गरी चार्टर्ड एकाउन्टेन्सी पास गरेमा स्नातक तह वा सो सरह तथा स्नातक गरी चार्टर्ड एकाउन्टेन्सी परीक्षा पास गरेमा स्नातकोत्तर वा सो सरहको लागि मान्यता प्रदान गर्न निवेदन पेश गरेको छ ।

## छात्रवृति आवेदन फारम संकलन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०६९/०६/१७मा छात्रावृतिको निमित्त आवेदन खुल्ला गरेकोमा दिईएको समय सीमा भित्र कूल १७० जनाले आवेदन पेश गरेका छन् । जसमा क्रमशः CAP I बाट ८२ जना, CAP II बाट ६५ जना तथा CAP III बाट २३ जनाको आवेदन प्राप्त भएको छ ।

## ISA Assessment Test सम्पन्न

यही मिति २०६९/०९/२२ गते (२०१२ /१२/२२) का दिन संस्थाको बैठक कक्षमा Information System Audit (ISA) को Assessment Test सम्पन्न भयो । ४ जना परीक्षार्थीले परीक्षा आवेदन भरेकोमा जम्मा ३ जना परीक्षार्थीले मात्र परीक्षामा सहभागिता जनाएका थिए ।

# अन्तर्राष्ट्रिय सहभागिता

## ITAG प्राविधिक कमिटी बैठक



ITAG प्राविधिक कमिटीका सदस्यहरूका सामूहिक तस्वीर

श्रीलंकाको कोलम्बोमा डिसेम्वर १२ देखि १३, २०१२मा साफाका सदस्य संस्थाहरूले उपलब्ध गराएको वार्षिक प्रतिवेदन माथिको प्रारम्भिक मार्किङमा पुन छलफल गर्न एक सामुहिक छलफलको आयोजना भएको थियो । बर्तमान मार्किङ्ग क्राईटेरियाको आधारमा बिभिन्न सदस्य बढीहरूले का लागि बिभिन्न बिधामा उपलब्ध गराएको मार्किङ्गलाई प्राविधिक कमिटीले फाईनलाइज गर्ने काम गरेको थियो । उक्त बैठकमा नेपालको तर्फबाट संस्थाका प्राविधिक निर्देशक एवं सिए. परमानन्द अधिकारीले भाग लिनुभएको थियो ।

## SAFA ITAG कमिटी बैठक

श्रीलंकाको कोलम्बोमा डिसेम्वर १४, २०१२ मा साफा ITAG कमिटी बैठक सम्पन्न भयो । उक्त कमिटीका अध्यक्ष श्री लसन्था विक्रमासिंहे (Lasantha Wickremasinghe)को स्वागत मन्तव्यबाट कार्यक्रमको शुरुवात भएको थियो । उक्त बैठकले SAFA BPA Award का लागि बिभिन्न बिधामा उपलब्ध गराएको मार्किङ्गलाई प्राविधिक कमिटीले फाईनलाइज गरेकोमा धन्यवाद ज्ञापन गरेको थियो । उक्त बैठकमा नेपालको तर्फबाट संस्थाका प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारीले भाग लिनुभएको थियो ।

## SAFA Event, लाहोर

संस्थाका उपाध्यक्ष सिए. महेश कुमार गुरागाईको नेतृत्वमा गएको पाँच सदस्यीय टोलीले लाहोरमा सम्पन्न साफाको बिभिन्न Event को कार्यक्रममा सहभागिता जनायो । उक्त Event मा छ वटा बैठकहरू सम्पन्न भएका थिए । बिभिन्न बैठकहरू ८ देखि १०, नोभेम्बर २०१२ सम्म संचालन भएको थियो । संस्थाबाट जानुहुने बिभिन्न व्यक्तित्वहरूले बिभिन्न बैठकमा भाग लिनुभएको थियो । जसको पूर्ण विवरण निम्न रहेको छ ।

| SN | Name of the Meeting | Represented By | Date |
|---|---|---|---|
| 1. | SAFA ITAG Committee-BPA Conference Marking Session | सिए. परमानन्द अधिकारी | 8-9 Nov, 2012 |
| 2. | SAFA Committee on Governmental and Public Sector Accounting | सिए. महेश कुमार गुरागाई<br>सिए. सुवोध कुमार कर्ण<br>सिए. सुरेश देवकोटा<br>आरए. बद्रि प्रसाद भट्टराई | 9 Nov, 2012 |
| 3. | SAFA-International Relation Committee (Informal Meeting) | सिए. महेश कुमार गुरागाई<br>सिए. सुवोध कुमार कर्ण | 9 Nov, 2012 |
| 4. | SAFA Committee on Professional Accountants in Business (PAIB) meeting | सिए. सुरेश देवकोटा<br>आरए. बद्रि प्रसाद भट्टराई | 9 Nov, 2012 |
| 5. | 24th SAFA Board Meeting | सिए. महेश कुमार गुरागाई<br>सिए. सुवोध कुमार कर्ण<br>सिए. सुरेश देवकोटा<br>आरए. बद्रि प्रसाद भट्टराई<br>सिए. परमानन्द अधिकारी | 10 Nov 2012 |
| 6. | SAFA Summit and 12th Management Accountants International Conference | सिए. महेश कुमार गुरागाई<br>सिए. सुवोध कुमार कर्ण<br>सिए. सुरेश देवकोटा<br>आरए. बद्रि प्रसाद भट्टराई<br>सिए. परमानन्द अधिकारी | 10 Nov 2012 |

## २४औं साफा बोर्ड मिटिङ्ग सम्बन्धमा




२४ औं साफा बोर्ड मिटिङ्गका सहभागीहरू

२४ औं साफा बोर्ड मिटिङ्गमा संस्थाका उपाध्यक्ष सिए. महेश कुमार गुरागाई लगायत संस्थाका अन्य प्रतिनिधि मण्डलले साफा बोर्ड मिटिङ्गमा सहभागिता जनायो । उक्त मिटिङ्गले निम्न विषयमा विस्तृत छलफल गरेको थियो ।

१) साफा एसेम्ब्ली मिटिङ्ग १० देखि १२ जनवरी, २०१३ मा बंगलादेशमा गर्ने प्रस्ताव गर्‍यो ।

२) साफा ITAG कमिटीका अध्यक्षले बैठकको प्रगतिको बारेमा विस्तृत विवरण प्रस्तुत गर्नुका साथै प्राविधिक तहका कर्मचारीले तयार पारेको Assessment मोडालिटीलाई कमिटीले प्रस्ताव गरेकोमा प्रस्तावलाई बैठकले मान्यता प्रदान गरेको थियो ।

३) सरकारी तथा सार्वजनिक क्षेत्रको साफा कमिटीको रिपोर्ट कमिटी अध्यक्षले बैठकमा प्रस्तुत गर्नुभएको थियो । पूरा नभएका रिपोर्टलाई साफा एसेम्ब्ली मिटिङ्ग अगावै पूर्ण गर्ने गरी बैठक सम्पन्न भएको थियो ।

## साफा समिट र १२ औं मेनेजमेन्ट एकाउन्टेन्टस् अन्तर्राष्ट्रिय कन्फरेन्स

पाकिस्तानको लाहोर एक्सपो सेन्टरमा १० डिसेम्बर २०१२ मा आधा दिनको एक कन्फरेन्स सम्पन्न भयो ।"Emerging Trend in Professional Accountancy" नामक उक्त सेमिनारमा एक सेसनको निमित्त नेपालले अध्यक्षता गर्ने अवसर प्राप्त गरेको थियो । संस्थाका उपाध्यक्ष सिए. महेश कुमार गुरागाईंले " Search on cloud computing, a feature of corporate leader" र Sustainability accounting and integrated reporting" नामकको सेसनको अध्यक्षता गर्नुभएको थियो ।

## अनौपचारिक साफा International Relation Committee बैठक सम्पन्न

पाकिस्तानको लाहोरमा ९ नोभेम्बर २०१२ मा एक साफा अन्तर्राष्ट्रिय रिलेसन कमिटीको अनौपचारिक बैठकमा अफगानिस्तान, भुटान र मालदिभ्समा एकाउन्टिङ्ग प्रोफेसनको विकास गर्ने विषयमा छलफल केन्द्रित रहेको थियो । ती राष्ट्रका प्रतिनिधिहरूको उपस्थिति नरहेको कारणले एकाउन्टिङ्ग प्रोफेसनको विकासको निमित्त ती राष्ट्रका अझ बढी सूचना संकलन गर्ने निर्णय समेत बैठकले गरेको थियो ।

## साफा ITAG Committee बैठक सम्बधमा




ITAG बैठकका सहभागीहरू

नोभेम्वर ८ र ९ मा सम्पन्न ITAG Committee बैठकमा बिभिन्न साफा सदस्य राष्ट्रका बार्षिक प्रतिवेदनमा भएका केही क्राईटेरियाहरूका सम्बन्धमा बिस्तृत तथा गहन छलफल भयो । उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारका निमित्त समावेश गरिएका Ratio, Value Added Statement, Horizontal and Vertical Analysis, Date of Approving Financial

Statement र Holding of General Meeting का विषयमा छलफल हुँदा कुनै प्रकारको निष्कर्ष ननिस्किएकोले यसलाई साफा बोर्डमा प्रकृया अगाडी बढाउनका लागि पठाईयो ।

१० नोभेम्बरमा भएको साफा बोर्ड मिटिङ्मा साफा ITAG Commitee का अध्यक्षले कमिटीले गरेको कार्यको जानकारी गराउनु भयो । जस अनुसार साफा बोर्डले सदस्य राष्ट्रका कमिटीका प्राविधिक कर्मचारीहरूको १२ र १३ डिसेम्वर २०१२ मा कोलोम्बोमा हुने बैठकले टुङ्गो लगाउने निर्णय गर्‍यो । साथै १४ डिसेम्बर २०१२ मा प्राविधिक कमिटीले पठाएको निर्णयलाई ITAG कमिटी बैठकमा स्वीकृतिका लागि पठाउने निर्णय समेत बैठकले गरेको थियो ।

## श्रद्धाञ्जली



संस्थाले मिति २०६९/०८/२५ गते सोमबारका दिन यस संस्थाका दसौं अध्यक्ष सिए. बिनोद बहादुर राजभण्डारीको दुःखद् निधनमा श्रद्धाञ्जली व्यक्त गर्न एक श्रद्धाञ्जली सभाको आयोजना गर्‍यो । श्रद्धाञ्जली सभामा संस्थाका पूर्व अध्यक्षहरू, वर्तमान अध्यक्ष, उपाध्यक्ष, पार्षद, आगन्तुक महानुभाव लगायत संस्थाका अधिकांश कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

श्रद्धाञ्जली सभामा संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे तथा पूर्व अध्यक्षहरू सिए. कोमल बहादुर चित्रकार, सिए. तीर्थ राज उपाध्याय, सिए. प्रभुराम भण्डारी तथा सिए. पुष्पलाल श्रेष्ठले स्वर्गीय सिए. राजभण्डारीले लेखाव्यवसायमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै शोक शन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्नु भएको थियो ।

स्व. राजभण्डारीको जन्म काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३० महाबौद्ध स्थित पिता बटुक बहादुर राजभण्डारी तथा माता बिमला राजभण्डारीज्यूको कोखबाट मिति २०१५ भाद्र २५ गते भएको थियो । उहांले The Institute of Chartered Accountants of India बाट सन् १९८६ मे मा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी बि.सं २०५४ साल जेष्ठ १७ गते यस संस्थाको सदस्यता प्राप्त गर्नु भएको थियो । त्यस पश्चात् निरन्तर रूपमा लेखाव्यवसायको विकास र विस्तारको निमित्त सदैव अग्रणी भूमिका निर्वाह गर्दै आउनु भएका स्व. राजभण्डारी बि.सं २०६० सालमा पार्षद पदमा निर्वाचित हुनु भएको थियो भने त्यसै गरी २०६२ सालमा उपाध्यक्ष भई २०६३ सालमा अध्यक्षको कार्यभार सम्हाल्नु भएको थियो । उहांको अवसानले लेखा तथा लेखाव्यवसायको क्षेत्रमा अपुरणीय क्षती भएको छ । स्व. सिए. बिनोद बहादुर राजभण्डारीको निधन मिति २०६९/०८/१६ गते भएको हो ।

## आ.व. २०६९/७० को सि.पि.ई. तालिम कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आ.व. २०६९/७० मा संचालन हुने तालिमहरु निम्न मिति र स्थानमा संचालन हुने भएकाले ईच्छुक सदस्य महानुभावहरुले आफ्नो उपयुक्त स्थान र मितिमा सम्वन्धित सस्थांहरुसंग सम्पर्क गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मिति | स्थान | संचालन गर्ने संस्थाहरु |
|---|---|---|---|
| १ | २०६९ मंसिर २९, ३० र पुस १ | महेन्द्रनगर | ICAN |
| २ | २०६९ माघ ५, ६ र ७ | नारायणघाट, भैरहवा र वाग्लुङ | ICAN/AuDAN/ PRISM |
| ३ | २०६९ माघ १२, १३ र १४ | जनकपुर र विराटनगर | INCA/PS |
| ४ | २०६९ माघ १९, २० र २१ | विरगंज र विर्तामोड | ICAN/AuDAN |
| ५ | २०६९ माघ २६, २७ र २८ | हेटौंडा, बुटवल र धरान | IPE/ICAN/AuDAN |
| ६ | २०६९ फागुन ४, ५ र ६ | दांङ्ग र पोखरा | CAI/ PRISM |
| ७ | २०६९ फागुन ११, १२ र १३ | ईलाम र धनगढि | AuDAN/AuDAN |
| ८ | २०६९ फागुन १८, १९ र २० | नेपालगंज | PS |
| ९ | २०६९ चैत्र १६ १७ र १८ | सुर्खेत | AuDAN |
| १० | २०६९ चैत्र २३, २४ र २५ | विराटनगर | AuDAN |
| ११ | २०६९ चैत्र ३०, ३१ र वैशाख १ | पोखरा | AuDAN |
| १२ | २०७० वैशाख ६, ७ र ८ | काठमाण्डौ र विरगंज | ICAN/AuDAN |
| १३ | २०७० वैशाख २०, २१ र २२ | काठमाण्डौ | INCA |
| १४ | २०७० जेठ ३, ४ र ५ | काठमाण्डौ | AuDAN |
| १५ | २०७० जेठ १०, ११ र १२ | काठमाण्डौ | ICAN |
| १६ | २०७० जेठ १७, १८ र १९ | काठमाण्डौ | AuDAN |
| १७ | २०७० जेठ २४, २५ र २६ | काठमाण्डौ / काठमाण्डौ | ICAN/AuDAN |
| १८ | २०७० जेठ ३१ र असार १ र २ | काठमाण्डौ / काठमाण्डौ | ICAN/AuDAN |
| १९ | २०७० असार ७, ८ र ९ | काठमाण्डौ / काठमाण्डौ | INCA/IPE |
| २० | २०७० असार १४, १५ र १६ | काठमाण्डौ / काठमाण्डौ | PS/CAI |

उपरोक्त अनुसारका तालिम संचालन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका साथै निम्न संघ संस्थाहरुद्वारा संचालन गर्ने व्यहोरा समेत जानकारी गरिन्छ ।

१. नेपाल अडिर्टस एशोसिएसन (AuDAN), काठमाण्डौ, फोन नं. ०१-४१०२०२३
२. ईन्टरनेशनल कलेज अफ एकाउन्टेन्सी (INCA), काठमाण्डौ, फोन नं. ०१-४२३९०३३ र २००२३८४
३. चार्टर्ड एकेडेमिक ईन्टरनेशनल (CAI), काठमाण्डौ, फोन नं. ०१-४१६८०५१, ४१६८०७३ र ४१६८३१२
४. ईन्स्टिच्यूट अफ प्रोफेशनल एक्सीलैन्स (IPE), काठमाण्डौ, फोन नं. ०१-४१०७०२१ र ४१०७०२४
५. प्रीजम सेन्टर अफ लर्निंग (PRISM), पोखरा, फोन नं. ०६१-५३७६४९
६. प्रोफेशनल सोलुशन (PS), काठमाण्डौ, फोन नं. ०१- ४२१५५३६, ९८४१५५८३९०

**विस्तृत जानकारीको लागि सम्पर्कः**

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**The Institute of Chartered Accountants of Nepal**
*(Established Under the Nepal Chartered Accountants Act, 1997)*
Babarmahal, Kathmandu, Nepal,
PO Box: 5289, Tel: 4258569, 4269130, 4255668, Fax: 4258568
*E-mail: ican@ntc.net.np, Website: www.ican.org.np*

प्रापकको नाम र ठेगानाः

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोनः ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्सः ००९७७-१-४२५८५६८, इमेलः ican@ntc.net.np, वेबसाइटः www.ican.org.np
शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज